# ‘आजको महाभारत’ कथामा अर्थ उत्पादनको संस्कृति

पूर्णिमा रजौरे
उपप्राध्यापक, नेपाल ल क्याम्पस, त्रिभुवन विश्वविद्यालय
इमेल : purnimarajaure@gmail.com

**लेखसार**

*प्रस्तुत लेख सांस्कृतिक प्रतिनिधित्व र त्यसले खोजी गर्ने अर्थको निरूपणमा केन्द्रित छ । प्रतिनिधित्वको अध्ययनबाट समाजमा आममानिसहरूको प्रतिनिधित्व कसरी भएको छ र उक्त सामाजिक संरचना कस्तो रहेको छ भन्ने कुराको बोध हुन्छ । समाजसापेक्ष सिर्जित अर्थ निरूपणको आधार नै त्यहाँ अवस्थित सांस्कृतिक प्रतिनिधित्वमा निर्भर रहन्छ । पाठमा प्रतिनिधित्व गर्ने विभिन्न पात्रहरूले प्रभुत्वशाली अर्थ, सहमतीय अर्थ र विरोधजन्य अर्थको उत्पादन गरेको पाइन्छ । यसै सन्दर्भमा घनश्याम ढकालको ‘आजको महाभारत’ कथामा संयोजित वर्गीय पात्रहरूको प्रतिनिधित्व र त्यसले सिर्जना गरेको अर्थको संस्कृतिलाई यस अध्ययनमा स्थान दिइएको छ । यहाँ निर्दिष्ट पाठविश्लेषणका लागि पुस्तकालयीय कार्यद्वारा सामग्री सङ्कलन गरी पाठ र वस्तुको विश्लेषण र व्याख्या गरिएको हुँदा विश्लेषणात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको छ । यसै क्रममा ‘आजको महाभारत’ कथामा सम्बद्ध वर्गीय पात्रहरूको पहिचान गरी तिनीहरूको प्रतिनिधित्वबाट सिर्जित अर्थको निरूपण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ । यही उद्देश्यअनुरूप गरिएको अध्ययनबाट यहाँ निर्धारित कथात्मक विमर्शमा उच्चवर्गीय, अधीनस्थवर्गीय र निम्नवर्गीय पात्रहरूको प्रतिनिधित्वबाट प्रभुत्वशाली, सहमतीय र विरोधजन्य गरी तीनओटै सांस्कृतिक अर्थको उत्पादन भएको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** उदीयमान संस्कृति, जैविक बुद्धिजीवी, भाष्य-प्रतिभाष्य, वर्चस्वकारी, सीमान्तकृत वर्ग ।

## विषयपरिचय

घनश्याम ढकाल (२०२०-२०६८) नेपाली कथालेखनको क्षेत्रमा प्रगतिवादी कथाकारका रूपमा परिचित छन् । उनका *भरिया र यात्री* (२०४६), *सहिद मानचित्रमा नपरेको सहिद* (२०४८), *समर्पणको बाटोमा* (२०५१), *आजको महाभारत* (२०५५) र *सहिदको सालिक* (२०६६) गरी पाँचओटा कथासङ्ग्रहहरू प्रकाशित छन् । ढकालले आफ्ना कथामा समाजवादी यथार्थवादी चिन्तनलाई केन्द्र बनाएर समाजका कुरूप पक्षमाथि तीव्र व्यङ्ग्य गरेका हुन्छन् । सामाजिक तथा राजनीतिक विषयवस्तुमा आधारित उनका कथामा समाजनिर्माणको सन्देश मूल कथ्यका रूपमा रहेको पाइन्छ । यी कथाहरूमा उच निच, धनी गरिब, पुरुष महिला, नेता जनता, शोषक शोषित, ठुला सानाजस्ता सांस्कृतिक पहिचान र प्रतिनिधित्व भएका विभिन्न वर्गका भूमिकाहरूको उचित संयोजन गरिएको पाइन्छ । प्रगतिवादी चेतसहित निष्कर्षमा पुऱ्याइएका उनका कथाहरू सांस्कृतिक अध्ययनका दृष्टिले विश्लेषणयोग्य रहेका छन् । यसको गहन अध्ययनका लागि प्रतिनिधित्व र पहिचानका साथै प्रतिरोधको मान्यताबाट अगाडि बढ्नु उपलब्धिमूलक हुन्छ । यस परिवेशमा ढकालको स्रष्टा व्यक्तित्व, वैचारिक पक्ष र कथाकारिताका सन्दर्भमा विभिन्न अध्ययनकार्यहरू भएका छन् । यी पूर्वकार्यहरूमा उनका कथाहरूको सांस्कृतिक दृष्टिकोणबाट गरिनुपर्ने अध्ययनको अभाव रहेको पाइन्छ । तसर्थ ढकालका कथाहरूमा गरिएको अध्ययनपरम्परामा नवज्ञानको प्रतिपादन गर्ने गरी अध्ययनकार्यलाई अझै पूर्णतातिर उन्मुख गराउन यहाँ सांस्कृतिक प्रतिनिधित्वका दृष्टिकोणबाट उनको 'आजको महाभारत' कथाको अध्ययन विश्लेषण गरिएको छ । यस सन्दर्भमा प्रस्तुत लेखमा समस्याकथनका रूपमा घनश्याम ढकालको 'आजको महाभारत' कथामा अर्थ उत्पादनको संस्कृति के कस्तो रहेको छ ? अर्थको प्रतिनिधित्व कथामा कसले कसरी गरेको छ ? भन्ने कुराको खोजी गर्नु रहेको छ । यिनै प्राज्ञिक समस्याको उत्तरात्मक तथा विश्लेषणात्मक समाधानको खोजी गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । यसका लागि सङ्कलित सामग्रीको विश्लेषण गर्ने समग्र आधार मूलतः बेलायती र अमेरिकाली सांस्कृतिक मान्यता नै रहेको छ । यसका साथै यहाँ प्राप्त सामग्री सम्बद्ध रहेको स्थानीय र कालगत सन्दर्भलाई पनि आधार बनाई विश्लेषणात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख पूर्णतः साहित्यिक र गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यस क्रममा घनश्याम ढकालको *आजको महाभारत* (२०५५) कथाकृति एवं त्यसभित्र सङ्गृहीत निर्धारित कथामा संश्लिष्ट विषयवस्तु अनुकूल रहेका साक्ष्यहरू प्राथमिक स्रोतका रूपमा रहेका छन् । यसै गरी सम्बन्धित कथाकृतिका बारेमा गरिएका शोध अनुसन्धान, लेखरचना र टीकाटिप्पणीहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् । यसरी प्राप्त सामग्री विश्लेषणका लागि सांस्कृतिक प्रतिनिधित्वको सम्बन्धमा प्रचलित बेलायती र अमेरिकाली सैद्धान्तिक मान्यताहरूको अवलम्बन गरिएको छ । यिनै सैद्धान्तिक मान्यतालाई आधार बनाएर यहाँ व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी पाठविश्लेषण गरिएको छ र निर्दिष्ट पाठमा सम्बद्ध वर्गीय प्रतिनिधित्वबाट निस्सृत अर्थहरूको अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

मानिसले आफ्नो सामाजिक भूमिका निर्वाहका क्रममा सिकेका एवं अवलम्बन गरेका भौतिक तथा आत्मिक मूल्यहरूको समष्टि नै संस्कृति हो । संस्कृति विचारधारासँग सम्बन्धित हुने हुनाले दर्शनसँग यसको नजिकको सम्बन्ध रहेको हुन्छ । यसर्थ संस्कृतिलाई एक अमूर्त तथा जटिल अवधारणाका रूपमा बुझिन्छ । यही संस्कृतिको अध्ययन नै सांस्कृतिक अध्ययनमा गरिन्छ । यसअन्तर्गत कुनै पनि पाठ तथा सङ्कथनमा प्रस्तुत सांस्कृतिक प्रतिनिधित्वले व्यक्त गरेको सामाजिक, आर्थिक एवं सांस्कृतिक सम्बन्धको विस्तृत अध्ययन गरिन्छ ।

सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वसम्बन्धी मान्यतालाई एक महत्त्वपूर्ण अवधारणा मानिएको छ । प्रतिनिधित्वको केन्द्रीय विषय समाजको संरचना के कस्तो छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी भएको छ भन्ने हो (बार्कर, सन् २०१२, पृ. ८) । बार्करका अनुसार प्रतिनिधित्वको भौतिक गुणहरू ध्वनि, अभिलेख, पुस्तक, पत्रपत्रिका, टेलिभिजन कार्यक्रम आदिजस्ता विशिष्ट सामाजिक संरचनाहरूमा प्रतिबिम्बित हुन्छन् । यिनै विभिन्न माध्यमहरूबाट समाजमा संरचित प्रतिनिधित्वको स्थिति प्रवाहित हुन्छ । सांस्कृतिक अध्ययनको मुख्य विषय नै प्रतिनिधित्वको बोध गर्नु हो । यसको तात्पर्य पाठहरूले प्रस्तुत गर्ने अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने नै हो । त्यसैले साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू र अर्थतन्त्रका आधारमा गरिन्छ (भट्टराई, २०७७, पृ. ३३६) । कुनै पनि सङ्कथन वा पाठमा अवस्थित सामाजिक सांस्कृतिक संरचनामा अर्थको सञ्चार वा उत्पादन कसरी भएको छ भन्ने कुराको प्रस्तुतीकरण प्रतिनिधित्वले गर्दछ ।

कुनै पनि समाज वा पाठमा सापेक्षिक रूपमा अर्थको उत्पादन भइरहेको हुन्छ । सो समाजमा प्रचलित व्यक्ति, वस्तु, वर्ग, समुदाय, घटना, विचार, दृष्टिकोण, भूगोल आदि पक्षसँग अर्थ उत्पादनको सांस्कृतिक प्रक्रिया जोडिएको हुन्छ । यसर्थ अर्थ उत्पादनको संस्कृतिमा सम्बन्धित समाजको अवस्थितिले प्रभावकारी भूमिका खेलेको हुन्छ । कुनै पनि समाजमा उत्पादित सांस्कृतिक अर्थले सो समाजको प्रतिनिधित्वको अवस्था बोध हुने गर्दछ । समाजमा अर्थ उत्पादनको संस्कृति कसरी प्रभावित भएर विकास भएको हुन्छ भन्ने विषयमा विद्वान्हरू स्टुआर्ट हल, क्रिस बार्कर, अन्तोनियो ग्राम्ची, रेमन्ड विलियम्स, लुइस अल्थुसर आदिका सैद्धान्तिक अवधारणाहरू सान्दर्भिक छन् । अझ महत्त्वपूर्ण कुरा त मिडियाको क्षेत्रमा गरेको अनुसन्धानका आधारमा स्टुआर्ट हलद्वारा प्रतिपादित अवधारणा उल्लेखनीय छ । हलका अनुसार भाषाको माध्यमबाट गरिने अर्थको उत्पादन नै प्रतिनिधित्व हो (हल, सन् २००६, पृ. १६३–१७३) । उनका अनुसार हरेक सांस्कृतिक समुदायमा भाषा चिनाउनुअघि एउटा अवधारणा वा बिम्ब/चित्र निर्माण हुन्छ । उक्त मानसिक बिम्बसँग भाषाको ट्याली गरिन्छ । भाषा त्यस बिम्बसँग जोडियो भने मात्र त्यसको अर्थ लाग्छ । बिम्बको निर्माण हाम्रो संस्कृतिबाट हुन्छ । सङ्केतनको अभ्यास हरेक समुदायमा हुन्छ । यस अभ्यासले दिमागमा बिम्ब निर्माण गर्न सहयोग पुऱ्याउँछ । तसर्थ अर्थ संस्कृतिसापेक्ष हुन्छ । त्यो अर्थ उत्पादनको संस्कृतिको निर्माण समाजसापेक्ष प्रतिनिधित्वको तहबाट हुने गर्दछ (हल, सन् २००६, पृ. १६९) । उक्त प्रतिनिधित्वको माध्यम भन्नाले भाषिक र गैरभाषिक सङ्केतलाई बुझिन्छ । हलका अनुसार, संस्कृतिमा प्रयोग भएपछि मात्र ती भाषिक र गैरभाषिक सङ्केतको अर्थापन हुन्छ र हाम्रो लागि सो प्रतिनिधित्व बोधगम्य हुन जान्छ । तसर्थ अर्थको प्रतिनिधित्व

समाजमा प्रचलित संस्कृतिसापेक्ष हुन्छ । जुन अर्थ बहन गरेको प्रतिनिधित्वको अवस्था कुनै पनि सङ्कथनभित्र सम्बद्ध हुन्छ। साहित्यमा पनि साहित्य कहाँ, कसले, कहिले पढ्दछ सोअनुसार त्यहाँ अर्थात् पाठमा अभिव्यक्त अर्थको ग्रहण गरिन्छ । फरक मनोविज्ञानअनुसार अर्थ पनि पृथक् आउन सक्दछ । यसको कारण भिन्न समाज र संस्कृतिमा एउटै सङ्केतकले पनि भिन्नै अर्थ दिन सक्छ भन्ने हो । यी अर्थहरूको सम्प्रेषण कुनै पनि सङ्कथनभित्र सम्बद्ध सांस्कृतिक प्रतिनिधित्वले गरेको हुन्छ । अतः सङ्कथनबाट अर्थको उत्पादन तीन किसिमले भएको हुन्छ भन्ने मान्यता हलको रहेको छ (हल, सन् २००६, पृ. १७१) :

क) वर्चस्वकारी वा प्रभुत्वशाली अर्थ (डोमिनेन्ट मिनिङ)

ख) वार्ता वा सहमतीय अर्थ (नेगोसिएटिभ मिनिङ)

ग) अस्वीकार वा विरोधजन्य अर्थ (अपोजिसनल मिनिङ) ।

समाजमा वर्चस्व जमाएको मूलधारको प्रतिनिधित्वबाट प्रभुत्वशाली अर्थको सांस्कृतिक जीवनपद्धतिले निरन्तरता पाएको हुन्छ। कुनै पनि समाजमा प्रभुत्वशाली समुदायले शक्तिलाई आफ्नो विशेषाधिकारको रूपमा प्रयोग गरी बहुसङ्ख्यक नागरिकहरूमाथि शासन वा प्रभुता कायम गरेको हुन्छ । ग्राम्चीका अनुसार प्रभुत्वशाली अर्थ ग्रहण गरेको शक्तिशाली शासक समुदायले निश्चित बुद्धिजीवीहरूका माध्यमबाट आफ्नो वर्चस्वकारी सांस्कृतिक भाष्यको निर्माण गर्दछ र सो समुदाय नागरिक समाजलाई आफूतिर तान्दै समाजमा शक्तिशाली समुदायका रूपमा चिनिन्छ । यसै गरी राज्यका दमनकारी संयन्त्रहरू दण्ड व्यवस्था, सेना, प्रहरी प्रशासन आदिका माध्यमबाट पनि प्रभुत्वशाली वर्गले समाजमा आफ्नो शासक प्रतिनिधित्व कायम राख्दछ भन्ने अवधारणा अल्थुसरको रहेको छ । यसरी प्रभुत्वशाली प्रतिनिधिहरू समाजमा आफ्नो वर्चस्वकारी अर्थ कायम राख्न सदैव क्रियाशील रहन्छन् ।

प्रभुत्वशाली प्रतिनिधिले आफ्नो बलियो आर्थिक र राजनीतिक नेतृत्व निर्माणका लागि श्रमजीवी वर्गसँग सहमति गरी जुन साझा मान्यता स्थापित गर्दछन्, त्यतिबेला सहमतीय अर्थको अवस्था विकास हुन्छ । ग्राम्चीका विचारमा पुँजीवादी अर्थ व्यवस्थाले आफैंबारे भ्रम सिर्जना गर्छ र श्रमिकहरू हामी स्वतन्त्र छौँ र शासित छैनौँ भन्ने भ्रममा रहन्छन् । अनि पुँजीपतिहरूले जे गरिरहेका छन् त्यो स्वाभाविक हो र जायज हो भन्ने ठान्दछन् । चिन्तन र प्रतिनिधित्वको यो व्यवस्थाले उत्पीडनलाई वैधता दिन्छ र त्यो एउटा विचारधाराका रूपमा स्थापित हुन्छ । जसले उत्पीडनलाई उत्पीडनका रूपमा स्वीकार गर्नबाट रोक्छ (पाण्डेय, २०७०, पृ. १७९) । यस अवस्थामा सीमान्तकृत समुदायको प्रतिनिधित्व मूलधारमा आउने अवस्था रहँदैन । समाजमा आफ्नो वर्चस्व राख्ने वर्गले उच्च प्रतिनिधित्व गरी सीमान्त समुदायको प्रतिनिधित्वलाई निकै निम्न स्तरमा पुऱ्याएको हुन्छ । यसका लागि साझा सहमतिमा समाहित बौद्धिक नेतृत्वबाट निर्मित भाष्यहरूद्वारा शासितहरूलाई शासन र सत्ताको प्रभुत्व स्वीकार गर्ने अवस्थामा पुऱ्याइन्छ । सांस्कृतिक जीवनको यस पद्धतिभित्र सहमति र वार्ताको यस्तो परिवेशमा अधीनस्थ वा सीमान्त समुदायका मानिसहरू शक्तिशाली वर्ग, समुदाय र लिङ्गको विचारधारालाई सजिलै स्वीकार गर्ने अवस्थामा पुग्दछन् ।

समाजमा प्रभुत्वशाली वा सत्ताधारी वर्गका हैकममा परतन्त्र बनेको अधीनस्थ वा सीमान्तकृत वर्गमा प्रचलित शासक र शासन व्यवस्थाप्रतिको प्रतिरोधी चेतना जागृत हुन्छ । यस चेतनाबाट

त्यहाँ विरोधजन्य अर्थको उत्पादन हुन्छ । ग्राम्चीका अनुसार प्रभुत्वशाली शासक समुदायको भाष्यका समानान्तरमा सीमान्त समुदायका आवाजको प्रतिनिधित्व हुने गरी प्रतिभाष्यको निर्माण गरिनु आवश्यक छ । यस विरोधजन्य अर्थविस्तारका लागि सत्ताका बुद्धिजीवीहरूको समानान्तरमा जैविक बुद्धिजीवीहरूको प्रतिनिधित्व महत्त्वपूर्ण मानिएको छ । जैविक बुद्धिजीवीहरूको नयाँ भाष्यले मानिसहरूमा नयाँ सोच विकास गरी उदीयमान सांस्कृतिक जीवनपद्धतितिर उन्मुख गराउँदछ । अतः सांस्कृतिक प्रतिनिधित्वले पाठमा कुनै पनि वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थितिबारे बोध गराउँदछ र अर्थको निरूपण गर्दछ ।

## नतिजा र विमर्श

'आजको महाभारत' मा एउटा गाउँको कथा समेटिएको छ । द्वन्द्वकालीन परिवेश समेटिएको प्रस्तुत कथामा नेपालको समसामयिक पर्यावरण कुरुक्षेत्रमा परिणत भएको अवस्थाको चित्र उतारिएको छ । एउटा समाजका र परिवारका सन्तानहरू परस्परमा विद्वेषण र मारणमा जुट्नाले मानसिक रूपमा विभीषणीय र भौतिक रूपमा दुःशासनीय चरित्रका संवाहक बनेको स्थिति कथाले उद्घाटन गरेको छ (शर्मा र सुवेदी, २०४१, पृ. ३१) । मानवता हराएको स्वार्थी संसारको वर्गीय जालोको यथार्थ प्रस्तुत गरिएको यस कथामा समाजका कुरूप यथार्थमाथि व्यङ्ग्य प्रहार गरिएको छ । यहाँ सांस्कृतिक प्रतिनिधित्व र अर्थ उत्पादनको संस्कृतिका सम्बन्धमा प्रस्तुत कथाको विश्लेषण गरिएको छ :

## वर्चस्वकारी वा प्रभुत्वशाली अर्थ

'आजको महाभारत' कथामा प्रभुत्वशाली प्रतिनिधित्वको भूमिकामा दुर्गासिंहको चरित्र रहेको छ । दुर्गासिंहको प्रतिनिधित्वको बोध गर्नु नै पाठमा प्रभुत्वशाली अर्थ उत्पादनको संस्कृति निरूपण गर्न सकिने प्रमुख सङ्केतक हो । दुर्गासिंह वर्गीय हिसाबले राज्यको प्रतिनिधि पात्र हो । ऊ त्यस गाउँमा एकदमै शक्तिशाली शासकका रूपमा स्थापित छ । जनयुद्धको गतिले बिस्तार पाएपछि अलिकति हतोत्साहित भएको दुर्गासिंह आफ्नो शासकीय व्यक्तित्वलाई सशक्त गराउन सफल रूपमा लागीपरेको चरित्र हो ।

दुर्गासिंह समाजमा शक्तिको केन्द्रमा रहेको प्रभुत्वशाली अर्थको प्रतिनिधित्व गरेको जल्दोबल्दो शासकका रूपमा चित्रित छ । उसमा शासकीय संस्कृति रहेको छ । ग्राम्चीले भनेझैं दुर्गासिंहले सुराकी र प्रहरी प्रशासनको माध्यमबाट वर्चस्वकारी सांस्कृतिक भाष्यको निर्माण गरी त्यस गाउँका सर्वसाधारण नागरिकहरूमाथि शासन चलाएको छ । गाउँ उसको हैकमवादी व्यवहारबाट नियन्त्रित छ । गाउँमा मेलाजात्रा, भोजभतेर, चुनावमा होहल्ला तथा झडप हुँदा जस्तोसुकै अवस्थामा पनि ती झगडाहरू दुर्गासिंहकै विजयमा टुङ्ग्याइने वा सामसुम बनाइने (पृ. ३८) प्रवृत्ति विद्यमान छ । अल्थुसरको राज्यसत्तासम्बन्धी अवधारणा अन्तर्गतको विचार दमनकारी राज्यसंयन्त्रको उपभोग गर्ने दुर्गासिंहले गाउँका सर्वसाधारण तथा सीमान्तकृत नागरिकहरूमाथि एकछत्र रजाइँ गरेको छ । उसले त्यस गाउँमा आफ्नो वर्चस्व कायम राख्नका लागि दण्ड व्यवस्था, सेना, प्रहरी सबैलाई आफ्नो हातमा लिएको छ । फलस्वरूप गाउँमा उसकै दबदबा छाएको स्थिति छ भन्ने कुरा कथामा यसरी अभिव्यक्त भएको छ–

"ऊ हिजो निर्दल थियो र पूरै गाउँ निर्दल हुनुपर्थ्यो । आज ऊ शासकदल हुनाले पूरै गाउँ शासकदल नै हुनुपर्ने उसको मान्यता थियो ।" (ढकाल, २०५५, पृ. ३८)

यहाँ दुर्गासिंहले समग्र गाउँको व्यवस्थामाथि आफ्नो प्रभुता जमाउन तत्पर रहेको शक्तिशाली शासकको प्रतिनिधित्व गरेको छ । गाउँमा जनयुद्धको प्रभाव बढेपछि आफ्नो शासकीय मान्यतामा खलल पुग्न नदिने जोडदार प्रयास उसमा रहेको छ । हिजो ऊ निर्दल हुँदा पूरै गाउँ निर्दल हुनुपर्ने र आज ऊ शासकदल हुनाले पूरै गाउँ शासकदल हुनुपर्ने प्रभुत्वशाली मान्यता उसमा रहेको देखिन्छ । यही मान्यताअनुरूप आफूविरुद्ध आउन खोज्नेहरूसँग ऊ धित मरुन्जेल बदला लिन मौका कुरेर बसेको छ ।

कथामा सीमान्त समुदायका रूपमा चित्रित पात्रहरू माओवादी कम्युनिस्टका रूपमा चिनिएका छन् । दुर्गासिंह उनीहरूलाई धर्तीमा बाँच्न पाउने अधिकार छैन भने सोच राख्ने गाउँको शासक हो । ती मानिसहरूसँग मुक्त हुनसके मात्र गाउँ भूस्वर्ग बन्ने धारणामा विश्वस्त भएर दुर्गासिंह दमनकारी भूमिकामा सशक्त बनेको छ । दुर्गासिंहको अतिवादबाट सीमान्तकृत समुदाय आक्रोशित भएका छन् । दुर्गासिंहले आफूविरुद्ध उनीहरूको सक्रियता बढ्न थालेको महसुस गरेर दमनकारी गतिविधिलाई अझ तीव्र बनाएको छ । साथसाथै शोषित वर्गका लागि सपनासरी भ्रमतुल्य विचारधाराको प्रभुत्व आतङ्कित र भयावह ढङ्गले फिँजाइरहेको छ । अल्थुसरको मान्यताअनुसार प्रस्तुत कथामा प्रभुत्वशाली अर्थ ग्रहण गरेको दुर्गासिंहबाट नागरिकहरूलाई परमतत्त्वको अधीनमा राख्ने, त्यस स्थितिलाई स्वाभाविक ठान्ने निष्कर्षमा पुऱ्याउने र खासगरी सत्ताप्रति अविरोधको अवस्था प्रवाहित गराउने बल प्रयोग गरिएको छ : "चकमन्न रातमा दुर्गासिंहले प्रहरी डफ्फालाई अगुवाइ गरिरहेको थियो । सबै बिरालाको चालमा पाइला सार्दै थिए । पदचापको सुस्तसुस्त ध्वनिभन्दा अरू केही सुनिएको थिएन । साऱ्है अँध्यारो भएको खोल्साखोल्सीमा मात्र उनीहरूले लाइटको प्रयोग गर्ने गर्थे" (ढकाल, २०५५, पृ. ४१) ।

उल्लिखित कथांशमा दुर्गासिंहले विरोधीहरूलाई सिध्याउने लक्ष्य राखेर मिसनको अगुवाइ गरेको छ । विरोधीहरू सुनन्दाको घरमा जम्मा भएको सुराक पाएर तिनीहरूलाई सिध्याउने विश्वासका साथ उसले डफ्फालाई सक्रिय बनाएको छ । यहाँ ऊ आफ्नो प्रतिकार गर्न मैदानमा उत्रिएकाहरूको हत्या गरेर त्रासयुक्त वातावरण सिर्जना गरी सारा गाउँलाई अधीनमा राख्ने उत्कट इच्छा परिपूर्तिका लागि क्रियाशील रहेको देखिन्छ ।

दुर्गासिंहले सुनन्दा र आनन्दको सीमान्तकृत समुदायमाथि दमनकारी संयन्त्र लादेको छ । ऊ सोझै पीडकको भूमिकाबाट सीमान्तकृत समुदायमा गतिशील छ । उसले आफ्नो प्रभुत्व कायम राख्नका लागि सुराकी र प्रहरी प्रशासन अर्थात् बौद्धिक बुद्धिजीवीहरूको आडमा आनन्दको सीमान्तकृत समुदायमाथि दमनकारी आतङ्क फैलाएको छ । उनीहरूका विरुद्ध भौतिक कारबाही गर्नमा उद्यत रहेको देखिन्छ : "बुऱुनुभो असई सा'प ...." गिलासमा रक्सी खन्याउँदै दुर्गासिंहले भन्न थाल्यो, "यिनीहरूलाई त गोलीले भुट्नुपर्छ, हाँडीमा मकै भुटेझैँ ।" (ढकाल, २०५५, पृ. ३८)

यहाँ प्रभुत्वशाली अर्थको सांस्कृतिक जीवनपद्धति ग्रहण गरेको प्रतिनिधि पात्र दुर्गासिंहको भनाइ प्रस्तुत गरिएको छ । यस भनाइबाट उसले सीमान्तकृत समुदायको प्रतिनिधि पात्र आनन्दहरूको विचारधारामाथि अङ्कुश लगाएर सीमान्तकृत आवाज बन्द गर्ने र समाजबाट उनीहरूको अस्तित्व नै नष्ट गरिदिने उद्योगमा आफ्नो सम्पूर्ण बल प्रयोग गरेको कुरा स्पष्ट हुन्छ ।

यसप्रकार प्रस्तुत कथामा दुर्गासिंहको क्रूर र शोषक चरित्रले प्रभुत्वशाली अर्थको प्रतिनिधित्व गरेको छ । स्वतन्त्रता र समानताको अधिकारमा सबै जनताको बराबरी हक हुनुपर्छ भन्ने मान्यताविपरीत रहेको सामन्ती प्रतिगामी शासन व्यवस्थाको प्रतिनिधि पात्र दुर्गासिंह हो । सीमान्तकृत समुदायमा उब्जिएको प्रतिकारलाई तह लगाएर सारा गाउँ नै कब्जामा लिन ऊ गतिशील बनेर लागेको छ। यसर्थ कथामा उसको वर्चस्वकारी प्रतिनिधित्वबाट निष्पन्न प्रभुत्वशाली अर्थ सशक्त देखिन्छ ।

**वार्ता वा सहमतीय अर्थ**

प्रस्तुत कथामा दले र असई पात्रको प्रतिनिधित्वबाट सहमतीय अर्थको उत्पादन भएको छ । यी पात्रहरू दुर्गासिंहको प्रभुत्वशाली संस्कृतिभित्र अधीनस्थ छन् । दले त्यस गाउँको सर्वसाधारण मान्छे हो । ऊ वर्गीय हिसाबले सीमान्त समुदायमा पर्दछ । उसले सीमान्त समुदायको साझा हितमा काम नगरी दुर्गासिंहको प्रभुत्वलाई बलियो बनाउन उसको सुराकीको रूपमा रहेर काम गरेको छ। सीमान्त समुदायमा दले आफ्नै वर्गका बन्धुहरूमाथि छुरी धस्ने खराब प्रवृत्तिको नरराक्षसका रूपमा परिचित छ। दलेले आफ्नो वर्गीय हित र स्वाभिमानलाई लत्याएको छ। भविष्यको दिगो सुख र शान्तिको परिकल्पना उसले व्यर्थ ठानेको बुझिन्छ । तसर्थ वर्तमानलाई सजिलो र सुखी बनाउन ऊ दुर्गासिंहको चम्चा बनेको छ। उसैको जुठो खाएर मोजमस्ती गरिरहेको छ। फलस्वरूप एक किसिमको सहमतिबाट ऊ दुर्गासिंहको वशमा परेको छ। उसले आनन्दहरूको सीमान्त समुदायको जरो काट्न तत्पर रहने सुराकी चरित्रको प्रतिनिधित्व गरेको छ । यस क्रममा दले दुर्गासिंहको इसारामा चल्ने यन्त्रमानवका रूपमा रहेको कुरा कथामा यसरी अभिव्यञ्जित छ– "किन आइपुगेन दले ? उसको शङ्का बेमनासिबको थिएन किनभने आजभोलि गाउँमा घटनाहरू तिलस्मी ढङ्गले घट्ने गर्दथे" (ढकाल, २०५५, पृ. ३८) ।

यस कथांशबाट दले दुर्गासिंहको यन्त्रमानव भएको कुरा स्पष्ट हुन्छ। गाउँमा माओवादी कम्युनिस्ट अर्थात् आनन्द समुदायको नेतृत्व सक्रिय हुने क्रम बढेको छ। यस परिस्थितिमा उनीहरूको भेटघाट, सहभागिता र छलफल कार्यक्रमको सुराक लिन दुर्गासिंहले दलेलाई प्रयोग गरेको कुरा यहाँबाट प्रस्ट हुन्छ ।

दले दुर्गासिंहको प्रभुत्वशाली अर्थको संस्कृतिभित्र सम्बद्ध छ । उसले आफू दुर्गासिंहबाट ठगिएको, ऊबाट शोषित र अपमानित भएको ठान्दैन । उसले दुर्गासिंहको उपभोगवादी प्रवृत्तिलाई स्वाभाविक र जायज मानेको छ । साथै यसलाई उसले दुर्गासिंहको नैसार्गिक र शासकीय अधिकार ठानेको छ अनि विद्यमान अवस्थालाई सामान्य र परिस्थितिको परिणाम मानेको छ । दुर्गासिंहबिना आफू र आफ्नो परिवारको आजीविका असम्भव ठान्ने दले गाउँमा सुराकीको काम गरेर दुर्गासिंहलाई उसको प्रभुत्व कायम राख्न अहोरात्र खटेको छ :

> आँगनमा कोही हिँडेको दम्को आयो । दले आइपुगेको थियो ।
>
> "पत्तो लाग्यो त केही ?"दलेले कुरा बिसाउन नपाउँदै दुर्गासिंहले सोधिहाल्यो ।
>
> "सुनन्दाको घरमा भेला भइरहेका छन् ।"
>
> "तिमीले कसरी थाहा पायौ ?"
>
> "अलि परबाट घरी निभ्ने, घरी बल्ने गरेर एउटा बत्ती सुनन्दाको घर पुग्यो ।" दलेले आफ्नो सुराकको प्रमाण अगाडि राख्यो । (ढकाल, २०५५, पृ. ३९)

यहाँ दले दुर्गासिंहको विश्वासपात्रका रूपमा देखिएको छ। दुर्गासिंहको नजरमा दले इमानमा पक्का छ। दुर्गासिंहको विरुद्धमा आइलागेको समूह आनन्दको टोली सुनन्दाकहाँ जम्मा भएको खास कुरा पत्ता लगाएर दले दुर्गासिंहलाई खबर दिन आइपुगेको कुरा यहाँ स्पष्ट भएको छ। दलेको सुराकअनुसार मिसन चालेको दुर्गासिंह आनन्दको समुदायमाथि क्षति पुऱ्याउन पूरै सफल भएको छ। दलेसँगैको सहमतीय व्यवहारबाट दुर्गासिंहलाई प्रभावकारी परिणाम प्राप्त भएको छ। यसरी दले, अन्य चम्चेहरू र बैठकेहरूले सहमतीय अर्थको प्रतिनिधित्व गरेर दुर्गासिंहको हितमा काम गरेका छन्।

यसै गरी असई तथा प्रहरी प्रशासनलाई पनि सहमतीय अर्थ ग्रहण गर्ने पक्षका रूपमा विधान गरिएको छ। हुनत दुर्गासिंह पनि वर्गीय हिसाबले राज्यको प्रतिनिधि पात्र हो। असई पनि राज्यको नुनको सोझो गर्ने जागिरे हो। यी दुवै राज्यका प्रतिनिधि अङ्ग हुन्। यति हुँदाहुँदै पनि समग्र जनताको हितलाई सर्वोपरि मानेर शान्ति सुरक्षाको जिम्मा लिएको असई नजानिँदो पाराले दुर्गासिंहको अधीनमा परेको देखिन्छ। असई तथा प्रहरी प्रशासन व्यक्ति विशेषको बनेको छ अर्थात् दुर्गासिंहको प्रभुत्वशाली अर्थको संस्कृतिभित्र सम्बद्ध छ। पैसा कमाउने र आफ्नो प्रमोसन छिट्टै गराउने सुखद कल्पनामा असई दुर्गासिंहको प्रभुत्वभित्र झुलिरहेको छ। असईले सीमान्तकृत समुदायको विरोधजन्य अर्थ वा उदीयमान सांस्कृतिक प्रतिनिधित्वलाई जरैबाट सिध्याउनका लागि दुर्गासिंहको अधीनमा रहेर आफूलाई क्रियाशील बनाएको छ। दुर्गासिंह र असईबिचको प्रस्तुत संवादात्मक कथनबाट पनि हामी यी दुई पक्षबिचको सहमतीय सम्बन्ध वा अर्थ थाहा पाउन सक्दछौँ :

> "तपाईंहरू अब यहीँ बस्नुपर्छ। रसद पानीको व्यवस्था म मिलाउँछु।" दुर्गासिंहले अलिकति विषयान्तर गऱ्यो।
>
> "निकै राम्रो कुरा हो।" यस किसिमको चर्चा असईलाई निकै सजीव लाग्यो। कुरा अगाडि बढायो, "तपाईं एक्लै कि ? अनि हामी त सरकारी ...।"
>
> "त्यो के ठुलो कुरा हो र ? केटाहरू गाउँतिर जान्छन् र चाहिएको सामान लिएर आउँछन्। हामी सबै तपाईंकै त हौँ। यस्तो बेलामा त केही जोगाउनु पनि पर्छ ....।"
>
> असईको कल्साउँदो अनुहार बत्तीको उज्यालोमा राम्रोसँग खुल्यो। गिलासमा बाँकी रहेको रक्सी उसले एकै सासमा तन्कायो र भन्यो, "त्यो त हो हजुर, हामी पनि जनताकै जीउधन सुरक्षाकै लागि खटिएका हौँ। यसो गाऱ्होसारोमा सहयोग त गर्नैपर्छ। मौकामा सरकारी रकम कसले पो छोडेको छ र ! (ढकाल, २०५५, पृ. ३९)

उल्लिखित कथांशबाट दुर्गासिंह र असईबिचको वार्तामूलक अर्थात् सहमतीय व्यवहारको मिलेमतोपूर्ण अर्थ प्रस्ट भएको छ। पुँजीवादी अर्थव्यवस्थामा जेलिएको असई पात्रले आफ्नो पद, वर्ग र आर्थिक लालच पूरा गर्न दुर्गासिंहको प्रभुत्वलाई सजिलै स्वीकार गरेको बुझिन्छ। ऊ आफू स्वयम्प्रति भ्रमको खेती गर्दै बाँचेको छ। ऊ आफूलाई दुर्गासिंहबाट शासित भएको मान्दैन भन्ने कुरा यहाँबाट बुझिन्छ।

यसरी कथामा प्रमुख रूपमा दले र अरूहरू दुर्गासिंहको सबल नेतृत्व निर्माण र विकास गर्नमा हाजिर छन्। ग्राम्चीले भनेझैँ प्रस्तुत कथात्मक विमर्शमा वार्ता र सहमतिका माध्यमबाट शासक वर्ग वा दुर्गासिंहले प्रभुत्वको स्थान जमाएको छ। यसै अनुरूप दुर्गासिंहको प्रभुत्वशाली अर्थनिष्पन्न

प्रतिनिधित्वको फलस्वरूप निर्मित व्यवहारमूलक भाष्यहरूबाट वार्ता र सहमतिको अर्थ ग्रहण गर्दै दलेजस्ता पात्रको समूहले उसको शासनसत्ताको प्रभुत्व स्वीकार गरेका छन् । यसरी कथामा सांस्कृतिक जीवनको समग्र पद्धतिभित्रै वार्ता र सहमतिको परिवेश निर्माण गरिएको छ । जहाँ आर्थिक तथा राजनीतिक सन्दर्भमा रहेर दलेको समूह प्रभुत्वशाली वर्गको विचारधारा र उसका अन्य किसिमका वर्चस्वलाई सजिलै स्वीकार गर्ने स्थितिमा छन् साथै अधीनस्थ हुँदा पनि उनीहरू गर्व महसुस गर्दछन् । दुर्गासिंहकै इसारामा चलेर उनीहरू विरोधजन्य प्रतिनिधि आनन्दको सीमान्तकृत समुदायका विरुद्ध जाइलाग्न तत्पर रहेका छन् ।

## अस्वीकार वा विरोधजन्य अर्थ

प्रस्तुत कथामा आनन्द, सुनन्दा, विशाखा, साइँली र अरूहरू विरोधजन्य अर्थको प्रतिनिधित्व गर्ने सीमान्तकृत पात्रहरू हुन् । उनीहरूलाई कथामा माओवादी कम्युनिस्टका रूपमा चिनाइएको छ । दुर्गासिंहका लागि उनीहरू संसारभरिका खराब जन्तु मानिएका छन् । कथामा विरोधजन्य अर्थको प्रतिनिधित्व गर्ने प्रमुख पात्र आनन्द हो । ऊ गाउँलाई दुर्गासिंहको सामन्ती शासन व्यवस्थाबाट छुटकारा दिलाउन क्रान्तिमा होमिएको छ । सुनन्दा आनन्दको बाबा हो, जो क्रान्तिकारी विचारको छ । बुढो भए तापनि जोसजाँगर भएको निडर प्रकृतिको पात्रका रूपमा देखिएको छ । विशाखा आनन्दकी बहिनी हो र साइँली उनीहरूलाई आपत पर्दा सहयोग गर्न आउने निडर छिमेकी हो । सुनन्दा, विशाखा, साइँली सबै आनन्दको विरोधजन्य अर्थलाई समर्थन गर्ने तथा दुर्गासिंहको अत्याचारी शासन व्यवस्थाबाट गाउँलाई मुक्ति दिलाउन चाहने क्रान्तिकारी विचारधाराका प्रतिनिधि पात्रहरू हुन् ।

कथामा आनन्दको सीमान्त समुदायले विरोधजन्य अर्थको प्रतिनिधित्व गरेको छ । ग्राम्चीका अनुसार दुर्गासिंहको प्रभुत्वशाली भाष्यलाई चिर्नका लागि आनन्दको प्रतिभाष्य समानान्तरमा अगाडि बढ्न सक्रिय रहेको छ । आनन्दको क्रान्तिकारी भाष्य अवलम्बन गरेको सीमान्तकृत समुदाय दुर्गासिंहको प्रभुत्वशाली अर्थको प्रतिरोधी बनेको छ । यहाँ सीमान्तकृतहरू नयाँ सोच, स्वतन्त्रता र समानताको चेतनासहित उदीयमान सांस्कृतिक धारलाई स्थापित र विकास गर्न सङ्घर्षरत छन् । कथामा आनन्दले बोलेको यस भनाइबाट यो कुरा पुष्टि हुन्छ– “पहिलेजस्तो होइन, पार्टी कमान्डरीमा हामी मोर्चा कस्छौं । शस्त्र चेतनाले शस्त्र जुटाउँदै जानेछ । अब हामी निरस्त्र युद्ध मात्र लड्दैनौँ ....विरोधी किल्लाको कमान्डरलाई घेर्ने हुक्के, बैठके र चम्चेहरूलाई नभेटेसम्म उसलाई भेट्न सकिँदैन । आज अर्कै नरराक्षसले आफ्ना कुकर्मको हिसाबकिताब जनतालाई बुझाउनेछ ।” (ढकाल, २०५५, पृ. ४१)

माथिको कथांशमा आनन्दले दुर्गासिंहको सामन्ती व्यवस्थाप्रति आक्रोश पोख्दै उसको सुराकी नरराक्षस दलेमाथि घृणाको भाव व्यक्त गरेको छ । अबका दिनमा कूटनीति र सैन्य सुदृढीकरणका साथ युद्ध गरी दुर्गासिंहको प्रतिगामी शासन पल्टाउने उसको दृढविश्वास यहाँ पाइन्छ । यसका लागि सबभन्दा पहिला दुर्गासिंहको चम्चे दलेलाई आफ्नो नियन्त्रणमा लिएर दुर्गासिंहको सारा कर्तुत पत्ता लगाउने उसको योजना छ । यही योजनाअनुसार युद्धमैदानमा उत्रिएर समाजबाट प्रभुत्वशाली अर्थलाई भत्काउने नवजोस यहाँ सशक्त देखिएको छ ।

यस क्रममा गाउँमा बिस्तारै आनन्द समुदायको प्रभाव पर्न थालेको बुझिन्छ, किनकि अब गाउँमा घट्ने घटनाक्रमहरू दुर्गासिंहको वशमा पूर्ण रूपमा छैनन् । यसबाट दुर्गासिंह आजित र चिन्तित भएको

अवस्था देखिन्छ साथै उसले सीमान्तकृत समुदायमाथि पहिलाजस्तो मनोमानी गर्न पाएको छैन । उनीहरूबाट आफू हेपिएको महसुस गर्न थालेको छ। उनीहरूसँग बदला लिने मौका कुर्नुपरेको अवस्था आएको छ । प्रस्तुत कथात्मक विमर्शमा प्रभुत्वशाली प्रतिनिधि दुर्गासिंहका असीमित अधिकारहरूको अर्थलाई आनन्दको विरोधजन्य अर्थको प्रतिनिधित्वद्वारा अर्थहीन बनाइएको छ। यस क्रममा आनन्दको सीमान्तकृत समुदाय दुर्गासिंहको प्रभुत्वलाई ध्वस्त पार्नका लागि सामूहिक छलफल, बैठक र विभिन्न गतिविधिहरूमा सक्रिय भएको छ। फलस्वरूप त्यहाँ दुर्गासिंहको प्रभुत्वमाथि आक्रोशित मनहरू, नयाँ आवाज र शक्तिमा विष्फोट हुने लहर चलेको परिवेश सिर्जना भएको छ । यस सन्दर्भमा सुनन्दाको विचारबाट पनि स्पष्ट हुन सकिन्छ :

> दुर्गासिंह पाप र कलङ्कको घडा हो, त्यसलाई फुटाउनै पर्छ– ऊ बारम्बार भन्ने गर्थ्यो । हामी काम गरेर, हातपाखुरा बजारेर खानेलाई कसैले माया मानेर दिने त होइन, किन झुक्ने अरूसँग ? यो संसार काम गर्नेकै पाखुरामा टिकेको छ, तर हामी काम गर्नेले नै कुरा बुझेका छैनौं र रोएर हिँड्नुपरेको छ। हामीहरू नै संसारका सर्वश्रेष्ठ मान्छेहरू हौं । (ढकाल, २०५५, पृ. ४०)

यहाँ सुनन्दाको यस विरोधजन्य अर्थउत्पादक प्रतिनिधित्वबाट त्यहाँको सीमान्तकृत समुदाय दुर्गासिंहको वर्चस्वबाट आफ्नो जमिन, दासता र बन्धन चुँडाएर स्वराज्य निर्माणका लागि सशक्त र सक्रिय बनेको छ भन्ने कुरा बुझिन्छ । उनीहरू आफ्नो जीवनमूल्यको पहिचान गर्न र आफ्नो अस्तित्वरक्षा गर्नमा चेतनशील भएर लागेका छन् ।

आनन्दको समूहले दुर्गासिंहको प्रभुत्वमाथि विजय हासिल नगर्दासम्म उक्त महाभारत युद्ध गरिरहने दृढप्रतिज्ञा गरेको छ । यस जितका लागि उनीहरू आफ्नो योजना र तयारीका साथ जुटिरहेका छन् । यसै क्रममा सुनन्दाले प्रभुत्वशाली सांस्कृतिक प्रतिनिधित्वको अन्त्यका लागि प्रतिद्वन्द्वीसँग कत्ति पनि नझुकीकन आफूलाई बलिदान गरेको छ । सुनन्दामाथि गरिएको अत्याचारको प्रतिशोधसहितको क्रान्तिको अभिभारा उठाउने कार्यलाई आनन्दले निरन्तरता दिइरहेको छ :

> बाबाको बीभत्स हत्या र पाशविक दमनबाट उत्पन्न वेदना अभिव्यक्त गर्नलाई मैले उचित शब्द पाइरहेको छैन । फलामभन्दा पनि कठोर यथार्थलाई सहज रूपमा पचाउन अभ्यस्त हुन हामी विवश छौं । व्यक्तिगत स्वार्थको जीवन नभएर हामी जनताको लागि जिएका छौं । भोलिको उज्यालो संसारको लागि हामी आजको बलिदान गरिरहेका छौं । यथासमयमा दुर्गासिंहको अत्याचारबाट गाउँले मुक्ति पाउने नै छ। (ढकाल, २०५५, पृ. ४५)

यहाँ आनन्दले दुर्गासिंहको अत्याचारको उछित्तो काढ्ने प्रतिबद्धता व्यक्त गरेको छ। बाबाको दुः खद अन्त्य भएको पीडा सहन गर्दै व्यक्तिगत स्वार्थमा नलागी समग्र नेपाली जनताको उज्ज्वल भविष्यका लागि त्याग र बलिदान गर्ने दृढ अठोट उसमा रहेको छ। आनन्द अर्थात् विरोधजन्य अर्थको प्रतिनिधित्व वरण गरेका सीमान्तकृत समुदायका मानिसहरूले दुर्गासिंहको प्रभुत्वशाली अर्थलाई निष्क्रिय बनाउने काममा अग्रता लिएका छन् । उनीहरूले दुर्गासिंहको सुराकी दलेरूपी दाहिने हात काटिसकेका छन् । यसरी दुर्गासिंहको प्रभुत्व भत्काउन उनीहरू सङ्घर्षरत रहेका छन् ।

विशाखा पनि दुर्गासिंहको शासनबाट मुक्ति चाहने निम्नवर्गीय परिवारकी छोरी हो । विशाखा आफ्नै अभिभावक सुनन्दा र आनन्दले देखाएको प्रतिरोधी बाटोमा हिँडेकी छ । अवसरवादी नेता सूर्यनाथको चिप्लो ढाडसबाट सान्त्वना लिन इन्कार गरेकी विशाखा क्रान्तिकारी विचारधाराका तथा विरोधजन्य अर्थ ग्रहण गर्ने नारीको प्रतिनिधि पात्र भएको कुरा यहाँबाट बुझिन्छ– "के फरक छ ? दुर्गासिंहले गोलीबाट मृत्यु उपहार दिन्छ, तपाईंले जहरबाट । आखिर मृत्यु त मृत्यु नै हो ।' यतिबेला उसलाई वर्गीय मायाको हेक्का आयो ।" (ढकाल, २०५५, पृ. ४५)

यहाँ पितृशोकमा परेकी विशाखालाई सूर्यनाथले सहयोगको सान्त्वना दिँदै आफ्नो पार्टीमा आमन्त्रण गरेको अवस्था सिर्जना गरिएको छ । यस अवस्थामा वर्गीय स्तर बोध गरेकी विशाखाले सूर्यनाथको आश्वासनलाई खोक्रो पारेको कुरा प्रस्ट पारिएको छ । दुर्गासिंह वा सूर्यनाथ जो भए पनि उच्चवर्गीय शासनबाट निम्नवर्गीय उत्थान कहिल्यै हुन सक्दैन भन्ने विचार विशाखाको रहेको छ । यसर्थ विशाखाले वर्गीय प्रेमको मर्म बुझ्ने एक सीमान्तकृत नारी पात्रको प्रतिनिधित्व गरेकी छ ।

पाठमा सूर्यनाथ दुर्गासिंहसँग चुनाव लड्ने प्रतिद्वन्द्वी नेताका रूपमा उपस्थित गराइएको पात्र हो । दुर्गासिंहसँग चुनावमा पराजित भएको, ऊप्रति इखालु तथा विरोधी भाव राख्ने तर सक्रिय भएर पनि उसको शासनसत्ता उल्टाउनतिर पहुँच नपुगेको चरित्रका रूपमा सूर्यनाथ देखिएको छ :

> 'तपाईंहरू यस्तो चालाले शान्ति सुरक्षा कायम गर्न सक्नुहुन्न ।' हिजैमात्र उसले जिम्मेवार पार्टी र व्यक्तिको हैसियतले असई र दुर्गासिंहसँग कुरा गरेको थियो । जति लुकाउन खोजे पनि जति बाँध्न खोजे पनि दुर्गासिंहलाई प्रतिस्थापन गर्न ऊ आतुर छ भन्ने तथ्य बाहिरै छरपस्ट हुन्थ्यो । (ढकाल, २०५५, पृ. ४४)

यहाँ दुर्गासिंहको वर्चस्वकारी भूमिकाको विरोधीका रूपमा देखिने सूर्यनाथ विरोधजन्य अर्थ ग्रहण गरेको पात्र नभई राज्यसंयन्त्रकै अर्को दलको नेताको प्रतिनिधि पात्र हो । ऊ दुर्गासिंहसँग पराजित भएको मारमा परी अर्को नयाँ पार्टी खोलेर समाजमा आफ्नो प्रभुत्व कायम गर्ने दाउमा रहेको छ । सीमान्त समुदायको उत्थानका लागि उसको कुनै सहानुभूति र योजना केही पनि छैन ।

यसप्रकार कथामा आनन्दको सीमान्तीय समुदायको विरोधजन्य अर्थ लक्ष्यप्राप्तिमा सशक्त र सक्रिय बनेको अवस्था रहेको छ । उनीहरूमा भोलिको उज्यालो संसारको लागि बलिदानलाई पनि स्वीकार र सहन गर्ने साहस बढेको छ । यसै गरी उनीहरूमा अन्याय, अत्याचार र दमनको प्रतिरोधमा उत्रिएर प्रभुत्वशाली सांस्कृतिक प्रतिनिधित्वलाई विस्थापित गरी मस्त निद्रामा रहेको मानवता, दया, प्रेम, कानुन, प्रजातन्त्र र मानव अधिकारलाई बिउँझाउने लक्ष्य साकार पार्ने अर्थात् उदीयमान सांस्कृतिक अर्थको आरम्भ गर्ने दृढप्रतिज्ञा रहेको पाइन्छ ।

## निष्कर्ष

बेलायती सांस्कृतिक अध्ययन परम्परामा प्रचलित महत्त्वपूर्ण अवधारणा अर्थ उत्पादनको संस्कृति र प्रतिनिधित्वको अवस्थामा आधारित भएर 'आजको महाभारत' कथाको अध्ययन गर्दा यहाँ प्रभुत्वशाली अर्थ र विरोधजन्य अर्थको अवस्था समानान्तर स्थितिमै रहेको पाउन सकिन्छ । यी दुई अर्थ समानान्तर दिशामा बढ्न थालेदेखि प्रभुत्वशाली वर्गको हालीमुहाली पनि पहिलेभन्दा केही मत्थर भएको देखिन्छ । यसै क्रममा विरोधजन्य अर्थको प्रतिनिधि पात्र आनन्द सङ्घर्षरत अवस्थामा रहेकै बेला शासक पक्षबाट

समातिएको अवस्था कथामा वर्णित छ । फलस्वरूप सहमतीय अर्थ ग्रहण गरेका प्रतिनिधिहरूको आडमा प्रभुत्वशाली अर्थको बिस्तार हुन सक्ने सम्भावना पनि बढेको पाइन्छ । यति हुँदा पनि प्रभुत्वशाली अर्थलाई निस्तेज पार्ने अनि उदीयमान सांस्कृतिक लहर ल्याउने शृङ्खला जोड्ने विशाखाजस्ता विरोधजन्य अर्थ राख्ने प्रतिनिधिमूलक जनमनहरू आनन्दलाई पछ्याउन बढिरहेको देखिन्छ । यिनै सन्दर्भका आधारबाट कथामा प्रभुत्वशाली अर्थको पतन हुने र नवयुगको थालनी अर्थात विरोधजन्य अर्थ स्थापित हुने भविष्यको सङ्केत पाउन सकिन्छ । यसलाई अर्को ढङ्गले भन्दा वर्तमानमा प्रभुत्वशाली समुदायको प्रभुता र भविष्यमा सीमान्तकृत समुदायको प्रभुता बढ्ने कुराको निश्चितता प्रकट भएको पाउन सक्दछौँ । यसरी प्रस्तुत कथात्मक विमर्शमा विभिन्न वर्गीय चरित्रहरूको प्रतिनिधित्वबाट अर्थउत्पादनका प्रभुत्वशाली, सहमतीय र विरोधजन्य गरी तीनओटै प्रकारको सांस्कृतिक अवस्था प्रतिबिम्बित भएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


अल्थुसर, लुइस (सन् २००६). 'आइडोलोजी एन्ड आइडोलोजिकल स्टेट अपाराटसेज'. *लेनिन एन्ड फिलोसोफी एन्ड अदर एस्सेज.* वेन व्रिपस्टड. आकार बुक्स, पृ. ८५-१२६ ।

ग्राम्ची, अन्तोनियो (सन् २००९). *सेलेक्सन फ्रम द प्रिजन नोटबुक्स.* विलिन होरे एन्ड जिओफ्रे नोवेल स्मिथ (अनु.). ओरिन्ट ब्लाक स्वान ।

ढकाल, घनश्याम (२०५५). *आजको महाभारत.* विजय ढकाल ।

पाण्डेय, ताराकान्त (२०७०). 'संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद'. *भृकुटी,* पृ. १७३-१९२ ।

बार्कर, क्रिस (सन् २०१२). *कल्चरल स्टडिज थ्योरी एन्ड प्राक्टिस.* सेज पब्लिकेसन ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. *भृकुटी,* पृ. ३३५-३६४ ।

विलियम्स, रेमन्ड (सन् १९७६). *कि वर्डस् : अ डिक्सनरी अफ कल्चर एन्ड सोसाइटी.* अक्सफोर्ड ।

शर्मा, मोहनराज र राजेन्द्र सुवेदी (सम्पा.) (२०४१). *समसामयिक साझा कथा.* साझा प्रकाशन ।

हल, स्टुआर्ट (१९९७). *रिप्रेन्जेन्टेसन : कल्चरल रिप्रेन्जेन्टेसन एन्ड सिग्निफाइड प्राक्टिस.* सेज पब्लिकेसन ।

हल, स्टुआर्ट (२००६). 'इनकोडिङ / डिकोडिङ'. *मिडिया एन्ड कल्चरल स्टडिज* (रिभाइज्ड इडिसन). ब्ल्याकवेल पब्लिसिङ लिमिटेड, पृ. १६३-१७३ ।